कानुनी साक्षरता शृंखला-3

# मायाको पाठशाला

## शिक्षाको अधिकार अधिनियम 2009



साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 251636*, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# मायाको पाठशाला

## ( शिक्षाको अधिकार अधिनियम 2009 )

### कानुनी साक्षरता शृंखला-3

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**
**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**
**मानव संसाधन विकास मन्त्रालय**
**भारत सरकार**

सत्यमेव जयते

**न्याय विभाग**
**विधि तथा न्याय मन्त्रालय**
**भारत सरकार**

**Mayako Pathsala :** This book is based on legal awareness for the neoliterates on Right to Education Act 2009. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

मूल पुस्तक : रमा की पाठशाला

पुस्तक तयार पार्ने कार्यशालामा सहयागीहरू : सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान

भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फनबाट कार्यशालामा उपस्थित अधिकारीहरू : राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक

प्रथम प्रकाशन : मार्च 2016 (1000)

प्रकाशक : राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी-781001

सम्पादन : अनुराधा बरूवा, प्रसन्न कुमार कलिता

मुद्रक : शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी-21

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्वारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# मायाको पाठशाला

सहरमा ठूला–ठूला भवनहरू बनाउने काम चलिरहेको थियो। मायाका माता–पिता भवन बनाउने ठाउँमा मजदुरको काम गर्थे। आफ्नो गाउँ र प्यारो विद्यालय छोडेर माया गान्तोक सहरमा आएकी थिई। भर्खर पढन सिकेकी रमा कथाहरू पढने कोसिस गर्थी। गाउँका अरु साथीहरु पनि उसंगै सहर आएका थिए। ठुला घर बनाउने काममा व्यस्त रहँदा नानीहरु उफ्रँदै खेलिरहन्थे। केही दिन यसरी उनीहरुले आनन्दले बिताए।

दश–पन्ध्र दिनपछि मायाले आफ्नी आमालाई सोधी – आमा, तिम्रो छुट्टी कहिले हुन्छ ? म कहिलेदेखि पाठशाला जानु ?

आमाले भनिन्–घर बनाउने काम सकिएपछि, हामी गाउँ फर्कनुपर्छ। तब तँ पाठशाला जानु।

माया खेल्नमा व्यस्त भई। भोलिपल्ट सबै नानीहरु खेल्नमा व्यस्त भएको बेला एकजना दिदी त्याँहा आईन्। सबै नानीहरु खेलेको देखेर उनले नानीहरुलाई सोधिन् नानीहरु, पढ्न किन जाँदैनौ ?



नानीहरुले एक स्वरमा भने – दिदी, हाम्रो पाठशाला गाउँमा छ, जो यहाँदेखि धेरै टाढो छ? घर मात्र यहाँ छ। दिदीले हाँस्दै भनिन् मलाई तिमीहरुको घर लाँदैनौ?

नानीहरुले एकै स्वरमा भने – आउनुहोस् हामीसंग। दिदी नानीहरुको पछि–पछि लागिन्। दिदीले सबै नानीहरुका माता–पितासंग कुरा गरिन्। उनले माता–पितालाई छेवैको पाठशालामा पढ्न पठाउने आग्रह गरिन्।

मायाकी आमाले भनिन् – पाठशाला कहिले जानु भनेर

सोध्दैथी। हामी यहाँ कसैलाई चिन्दैनौं। पाठशालामा नाम कसरी लेखाउन पर्ने, केही थाहा छैन।

दिदीले बताइन् – म यहाँको पाठाशालाकी शिक्षिका हुँ। अहिले छ वर्षदेखि चौध वर्षसम्मका नानीहरुलाई पढाउने जिम्मेवारी सरकारको हो। सरकारले यसको निम्ति शिक्षाको अधिकार कानुन बनाएको छ।

यहाँको नजिकको पाठशालामा नानीहरुको नाम दर्त्ता गर्न सक्नु हुनेछ।

मायाकी आमाले भनिन् – हामीसंग कुनै कागजपत्र नै छैन।



दिदीले भनिन् – पाठशालामा भर्नाको निम्ति कुनै कागजपत्रको आवश्यकता पर्दैन। पैसाको जरुरत पर्दैन। तपाईहंरु भोली नै पाठाशाला आउनुहोस्।

यी सब कुराहरु सुनेर माया छक्क परी औ साह्रै खुसी भई। खुसीले उफ्रँदै आमालाई भनी–आहा आमा, मसंगै मेरो पाठाशाला पनि यहाँ आयो।

## निःशुल्क एवं अनिवार्य बाल शिक्षाको अधिकार अधिनियम 2009

भारत सरकारले सन् 2009 मा निःशुल्क अनि अनिवार्य बाल शिक्षा कानुन बनायो। यस कानुनले सबै नानीहरुलाई आफ्नो प्रारंभिक शिक्षा पूरा गर्ने अधिकार दिएको छ। यी कानुन छह वर्षदेखि चौध वर्षसम्म उमेरका प्रत्येक नानीहरुमाथि समानरूपमा लागु हुनेछ।

**प्रारंभिक शिक्षाको अर्थ हो** – कक्षा पहिलोदेखि आठौंसम्मको पढाई। छ वर्षदेखि चौध वर्ष उमेर भएका प्रत्येक नानीहरुले नजिकको विद्यालयमा प्रवेश गर्ने अधिकार हुनेछ। यस नियममा निजी विद्यालयमा कतिपय कक्षाहरुमा



केही प्रतिशत आसन आरक्षित राखिएको छ। यी आसनहरुमा अनुसूचित जाति अनुसूचित जनजाति अनि पछौटेवर्ग वा आर्थिकरुपमा कमजोर वर्गका नानीहरुको भर्ना गर्नु पर्नेछ।

यो शिक्षा नि:शुल्क हुनेछ। कक्षा पहिलोदेखि आठौंसम्म शिक्षा पूरा गर्नलाई कुनै प्रकारको फीस वा खर्च दिनु पर्दैन। खाता–किताप अनि ड्रेस पनि सित्तैमा पाइने छ।

**यस कानुनको लाभ कस्ता नानीहरुलाई हुनेछ ?**

- यो कानुन छ वर्षदेखि चौध वर्षसम्मका प्रत्येक बाल–

बालिकामा समानरुपमा लागु हुनेछ। विशेषगरी अनुसूचित जाति जनजाति तथा सामाजिक वा शौक्षिक रुपमा पछौटे नानी अनि अपांग नानीहरुमा।

- यदि छ वर्षदेखि अधिक उमेरका नानीहरुलाई विद्यालयमा प्रवेश लिएन भने वा पढ़ाई पूरा गर्न नसकेको खण्डमा तिनलाई उमेर अनुसार उचित कक्षामा प्रवेश लिइन्छ। त्यहाँ तिनलाई पहिलाको कक्षाको पढ़ाइमा पूरा तयार गरिनेछ।
- यदि कुनै नानी छ वर्षभन्दा अधिक उमेरमा भर्ना भए, चौध वर्षको उमेरपछि पनि प्रारंभिक शिक्षा पूरा गर्ने हकदार हुने छ।

**स्थान परिवर्तन भएको खण्डमा पनि अर्को विद्यालयमा प्रवेशको सुविधा :**


यदि कुनै कारणवशः कुनै नानी एक स्थानदेखि र्अको स्थानमा गए तापनि ती नयाँ स्थानको नजिकको विद्यालयमा प्रवेश गर्ने हक हुने छ। प्रवेशको निम्ति जरुरी कागजात् नभए–तापनि प्रवेश दिइने छ।

**विद्यालयको व्यवस्था :**

- शिक्षाको कानुन लागु गर्नका निम्ति विद्यालय स्थापित गर्ने जिम्मेवारी सरकारको हो।
- कक्षा 1 देखि 5 सम्मका नानीहरुको निम्ति एक किलोमिटरको दुरीमा विद्यालय स्थापित गर्न पर्छ।
- कक्षा 6 देखि 8 सम्मका नानीहरुको निम्ति तीन किलोमिटरको दुरीमा विद्यालय स्थापित गर्नु पर्छ।
- विद्यालयमा गरीब वर्ग वा बंचित समूहका नानीहरुसंग भदेभाव र दुर्व्यबहार हुनु हुँदैन।

**स्थानीय सरकारको कर्तव्य :**

- छ देखि चौध वर्षका नानीहरु सबैलाई सित्तैमा प्रारंभिक शिक्षा दिनु पर्छ।
- वरिपरी विद्यालय स्थापित गर्ने। चाहिएको खण्डमा अपांग नानीहरुका निम्ति वाहन उपलब्ध गराउनु पर्छ।
- कमजोर वर्गका नानीहरुप्रति विशेष ध्यान दिनुपर्छ। कक्षा, खाने पानी, भोजन तथा खेलकुदको मैदानमा तिनीहरुसंग




भेदभाव नहोस्। तिनीहरुबाट कक्षा तथा शौचालयको सर्–सफाई गराउनु हुँदैन।

- आफ्नो वरिपरी छदेखि चौध वर्ष उमेरका नानीहरुको जानकारीको लेखा–जोखा राख्नु। छ देखि चौध वर्षका प्रत्येक नानीलाई विद्यालयमा प्रवेश गराउनु। तिनको नाम विद्यालयको नोटिस् बोर्डमा लगाउनु।
- नानीहरुको विद्यालयमा प्रवेश, बराबर उपस्थिति अनि शिक्षा पूरा गर्दासम्म निगरानी राख्नु।

- विद्यालयमा शिक्षक, भवन अनि सिक्ने सामग्री उपलब्ध गराउने।
- शिक्षकहरुको प्रशिक्षणको व्यवस्था गर्ने।
- बाहिरबाट आउने परिवारका नानीहरुलाई पनि विद्यालयमा दाखिल गराउने।
- नानीहरुको सुरक्षा अनि शिकायतको समाधान गर्ने।
- कमजोर वर्गका नानीहरुलाई समानताको अधिकार प्रदान गर्ने।

**माता–पिता अनि पालनकर्ताको जिम्मेवारी :**

प्रत्येक माता–पिता अनि पालनकर्ताको जिम्मेवारी, आस–पासका विद्यालयमा नानीहरुलाई प्रवेश अवश्यै पनि गर्ने।

**विद्यालय प्रबन्धन समितिः**

विद्यालयलाई संचालनको निम्ति एउटा समिति बनाउनु पर्छ। जसलाई विद्यालय संचालन समिति भनिन्छ। यस्तो समिति निजी विद्यालयमा गठन हुँदैंन। यस समितिमा कम से कम तीन चौथाइ सदस्य माता–पिता वा पालनकर्ता हुनेछन्। यस समितिमा पचास प्रतिशत महिला हुने छन्। समितिको प्रभारी माता–पिता वा पालनकर्ताबाट हुने छ।

**विद्यालय प्रबन्धन समितिको जिम्मेवारी :**

- विद्यालयको कार्यको अनुगमन वा देख-रेख गर्नु।
- विद्यालय विकासको योजना तयार गर्नु।
- विद्यालयले पाउने धनराशिको सही उपयोग गर्नु।
- विद्यालयको गतिविधिमा सहयोग गर्नु।

**विद्यालय विकासको योजना :**

विद्यालयको जरुरत अनुसार विकासको योजना संचाल समितिले तयार गर्छ। यसमा विद्यालयको स्थितिलाई ध्यानमा राख्नु पर्छ। यसको आधारमा नै सरकाबाट धनराशि पाइन्छ र पाठ्य-पुस्तक वा ड्रेस सित्तैमा वितरण गर्न सकिन्छ। शिक्षकहरुको प्रशिक्षणको व्यवस्था गरिन्छ। समितिले समय समयमा सरकारलाई विद्यालयको विकास सम्बन्धी सुझाव दिने छ।

- **यदि कुनै विद्यालयले नानीको प्रवेशमा कुनै फीस वा खर्च लिएमा दंडनीय अपराध हो।**

  प्रवेशको समयमा नानी अनि पालनकर्ताको कुनै परीक्षा लिन पाइन्न। यसो गरेमा 25000 सम्म जरिमाना हुने छ।



- नानीको उमेरको प्रमाणपत्र नभएमा विद्यालयले प्रवेश अस्वीकार गर्न सकदैन।
- यदि कुनै नानी सत्र सुरु भएर पछि विद्यालयमा प्रवेश गर्न चाहे, अस्वीकार गर्न सकिंदैन।
- नानीलाई कुनै पनि कक्षामा रोक्न वा (अनुत्तीर्ण) गर्न पाईदैन।
- कुनै पनि नानीलाई मानसिक तथा शारीरिक रुपमा प्रताड़ित गर्न पाइन्न।

**विद्यालयपूर्व शिक्षाको व्यवस्था :**

- तीनदेखि छ वर्षसम्मका नानीहरूको प्रारंभिक शिक्षाको तयारीका लागि विद्यालयपूर्वको शिक्षाको जिम्मेबारी पनि स्थानीय सरकारको हो।

**शिक्षकको कर्तव्य :**

- विद्यालयको नियम–पालन गर्ने। जस्तै–समयमा विद्यालय खोल्ने एवं उपस्थित हुने।
- निर्धारित समयमा पाठ्यक्रम पूरा गर्ने।
- माता–पिता एवं पालनकर्तासंग नियमित बैठक गर्ने। नानीको प्रगतिबारे जानकारी गराउनु।
- शिक्षकले प्राइभेट ट्युशन् नगर्ने।

**शिक्षाको अधिकार कानुन अनुसार विद्यालयमा के के सुविधा पाइन्छ :**

1. विद्यालयमा शिक्षकको संख्या :

   पहिलोदेखि पाँचौं कक्षाको निम्ति :

| नानीको संख्या | शिक्षकको संख्या |
|---|---|
| 60 सम्म | 2 |
| 61–90 | 3 |
| 91–120 | 4 |
| 121–200 | 5 |
| 150 भन्दा अधिक | 5 + 1 हेड मास्टर |
| 200 भन्दा अधिक | छात्र शिक्षकको अनुपात 40 : 1 |

**छैटौंदेखि आठौं कक्षाको निम्ति :**

- कम्मीमानि प्रतिकक्षा एक शिक्षक विषय अनुसार शिक्षक यस प्रकार हुनेछन्।

1. विज्ञान अनि गणित
2. सामाजिक अध्ययन
3. भाषा

- प्रत्येक 35 नानीहरुको अनुपातमा एक शिक्षक हुनेछ।

■ यदि 100 भन्दा अधिक नानी भएमा :

* एक पूर्णकालीन हेडमास्टर
* अंशकालिन शिक्षक
* कला शिक्षक
* स्वास्थ्य अनि शारीरिक शिक्षक
* कार्य शिक्षा शिक्षक




2. विद्यालय भवनमा प्रत्येक शिक्षकको निम्ति कम्तीमा एउटा कक्षा, कार्यलय अनि भंडार हुनुपर्छ।

* बाल-बालिकाको निम्ति छुट्टा-छुट्टै शौचालय।

* खेलको मैदान।
* खाने पानीको सुविधा।
* दिउँसोको भोजन पकाउने भान्सा। नानीहरुलाई दिनको खाना सित्तैमा।
* विद्यालयमा बाहरको व्यवस्था

3. विद्यालय खोल्ने दिन अनि पढाउने समय तय गरिएकोछ :
   * पहिलोदेखि पाचौंसम्म 200 दिन अनि 800 घन्टा
   * छैटौंदेखि आठौंसम्म 220 दिन अनि 1000 घन्टा
4. प्रत्येक कक्षामा पढ्न अनि पढाउनको निम्ति सित्तैमा खाता – किताब उपलब्ध हुनेछन्।
5. प्रत्येक विद्यालयमा पुस्तकालय हुनेछ, जहाँ समाचार–पत्र, पत्रिका, कथा अनि सबै विषयका पुस्तक हुनुपर्छ।

**पाठ्यक्रम अनि मूल्यांकन :**

* नानीहरुको पाठ्यक्रममा यो ध्यान राखिन्छ कि नानीहरुको शारीरिक अनि मानसिक योग्यताको विकास होस्।
* नानी आफ्नो मातृभाषामा पढ़नु–लेख्नु सकोस्।

* नानीहरुको सोच्ने र विचार गर्ने शक्तिको विकासको होस्।
* नानीहरुको ज्ञानको मूल्यांकन साथ–साथ होस्।
* आठौं कक्षासम्म नानीहरुको कुनै बोर्ड परीक्षा नहोस्।
* प्रत्येक नानीलाई प्रारंभिक शिक्षा (कक्षा 1 देखि 8 सम्म) पूरा गरेमा एउटा प्रमाणपत्र दिइने छ।

उजुरी कसलाई अनि कहाँ गर्न सकिन्छ?

राज्य बाल अधिकार संरक्षण आयोगले नै शिक्षाको अधिकार सम्बन्धित उजुरीको जाँच गर्नेछ।

## प्रकाशित पुस्तिकाहरू

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat


**STATE RESOURCE CENTRE ASSAM**
**1-CD, Mandovi Apartments, GNB Road**
**Ambari, Guwahati-781001**
**E-mail-srcassam@hotmail.com**



**A2J (NE&JK)**
**Copies .......**